परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३४० •२०७९ साल फागुन २ मंगलबार •(14 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## जनयुद्ध दिवसः ५४० सहिद परिवारलाई एक लाखका दरले रकम हस्तान्तरण



**टक नेपाल, जनकपुरधाम ।** जनयुद्ध दिवसको अवसरमा मधेस प्रदेश सरकारले ५४० जना सहिद परिवारलाई एक लाख रुपौयाँका दरले रकम हस्तान्तरण गरेको छ । मधेस सरकारले मनाइ रहेको दोस्रो जनयुद्ध दिवसको अवसरमा उपराष्ट्रपति नन्दबहादुर पुनले जनयुद्धका सहिद रामवृक्ष यादवका परिवारका सुधा यादवलाई एक लाखको चेक हस्तान्तरण गरेका हुन्। बाँकी सहिद परिवारलाई खातामै रकम पठाइने गृह तथा सञ्चार मन्त्रालयका सचिव रामकुमार महतोले जानकारी दिए। उपराष्ट्रपति पुनले जनयुद्धका सहिद परिवारलाई दोसल्ला ओढाएर सम्मानसमेत गरेका हुन् । मधेस सरकारले गत वर्षदेखि जनयुद्ध दिवस मनाउँदै आएको छ भने यस अवसर मा सार्वजनिक बिदा दिँदै आएको छ ।

## ‘प्रादेशिक अस्पतालमा आम्दानी भन्दा खर्च बढी’

**टक नेपाल, जनकपुरधाम ।** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पताल जनकपुरधामका कर्मचारीहरुले दुई महिनादेखि तलब नपाएको बुझिएको छ । रकम अभावका कारण गत मंसिर महिनापछि अहिलेसम्म अस्पतालका चार सय भन्दा बढी कर्मचारीहरुले तलब पाउन नसकेको कर्मचारीहरुले बताएका छन् ।

*-बाँकी पृष्ठ २ मा*




### बर्दिवास खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

## नयाँ कार्य समितिको निर्वाचनको लागि अध्यक्ष पदमा आठ जनाको मनोनयन दर्ता



**टक नेपाल, बर्दिबास ।** बर्दिवास खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको नयाँ कार्य समितिको निर्वाचनको लागि आठ जनाले अध्यक्ष पदमा मनोनयन दर्ता गराएका छन्। सोमबार नयाँ कार्यसमिति निर्वाचनको लागि मनोनयन दर्ता गराउने कार्यक्रम अन्तर्गत आठ जनाले अध्यक्ष पदको लागि मनोनयन दर्ता गराएका हुन् । त्यसैगरी उपाध्यक्ष पदको लागि ४ जनाले मनोनयन दर्ता गराएका छन । अध्यक्ष पदमा भोजराज भट्टराई, जय नारायण शर्मा, भुलन बहादुर सेन ठकुरी, देव नारायण महतो, चुणामणी पोखरेल, निरोज अधिकारी, हिरालाल गौतम र गणेश कुमार सिंहको उम्मेदवारी परेको छ भने उपाध्यक्ष पदको लागि रेखा कुमारी महतो, नोरमणी पोखरेल, चम्पा माया मिरिङ्गचिङ्ग र राजेन्द्र विक्रम थापाको उम्मेदवारी परेको छ । त्यसैगरी सचिवमा प्रेम बहादुर भुजेल, उमेश कुमार महतो, कृष्ण प्रसाद घिमिरे र उदय बहादुर भण्डारी विष्णुले मनोनयन दर्ता गराएका छन । कोषाध्यक्ष पदको लागि होममाया परियार, भवनाथ खतिवडा, पर्शुराम गिरी, चेत कुमार थापा र गोविन्द प्रसाद पौडेल, रमेश कुमार श्रेष्ठ, भोज प्रसाद फुयाल(शंकर), र रविन कुमार गौतम गरी आठ जनाको मनोनयन दर्ता भएको छ । सदस्यहरुमा खडग प्रसाद घिमिरे, माया कुमारी मम्राङ्गी, भक्ती क्यापछाकी, हिमाली हिमाल, भक्त कुमारी थापा, राजु ढुंगाना, गंगा बहादुर कार्की (दिपक), शर्मिला परियार दमाई, शुक्र बहादुर थापा मगर, ममता विश्वकर्मा, शकुन्तला पोखरेल, तुलसा कुमारी पौडेल, मिना देवी महतो, प्रीयंका कुमारी कर्ण, रिंकु कुमारी साह, केशव प्रसाद घिमीरे, खुब बहादुर बरुवाल, हेम कुमारी थापा र बिमाइ तामाङ्गको उम्मेदवारी परेको निर्वाचन समितीले जनाएको छ । यहि फाल्गुण १४ गते अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र अनिवार्य तीन महिला सदस्य सहित नौ सदस्यीय कार्यसमितिको लागि निर्वाचन हुदैछ ।



# जनयुद्ध दिवसको नाममा सार्वजनिक बिदा दिएकोमा विरोध प्रदर्शन

**टक नेपाल, काठमाडौं।**
सरकारले फागुन १ गते जनयुद्ध दिवसको नाममा सार्वजनिक बिदा दिएकोप्रति विरोध प्रदर्शन गरिएको छ। सरकारले जनयुद्ध दिवस भन्दै सोमबार सार्वजनिक बिदा दिएको प्रति द्वन्द्वपीडित समुदाय र नागरिक समाजले विरोध प्रदर्शन गरेका हुन्। काठमाडौं जिल्ला अदालत अगाडि भेला भएर दर्जनौंको संख्यामा उपस्थित नागरिक समाज, मानवअधिकार वादी संघसंस्थासँग आबद्ध व्यक्तिहरू र द्वन्द्वपीडितले सरकारको निर्णयको विरोध गरेका हुन् । उनीहरूले जनयुद्ध दिवसको नाममा दिइएको सार्वजनिक बिदा खारेज गर्नुपर्ने र द्वन्द्वपीडितलाई न्याय दिनुपर्ने माग राखेका छन् ।

त्यस्तै फागुन १ गते नेपाल र नेपालीको लागि कालो दिनको रूपमा रहेको उल्लेख गरेका छन्। विरोध प्रदर्शन कार्यक्रममा सञ्चारकर्मीहरूसँग संक्षिप्त कुराकानी गर्दै मानवअधिकारवादी सुशील प्याकुरेलले जनयुद्ध दिवस भनि बिदा दिनु ज्यादती भएको बताए। उनले प्रधानमन्त्री पुष्पकमल दाहालले जनयुद्ध दिवसको बिदा दिँदा पनि अन्य लोकतान्त्रिक भनिने पार्टीहरू नबोलेका भन्दै लोकतान्त्रिक पार्टीहरूको निरिहता दिवसको रूपमा मनाउनुपर्ने टिप्पणी गरे। मानवअधिकारवादी चरण प्रसाईंले वर्तमान सरकार पीडितको पक्षमा नभई पीडकको पक्षमा उभिएको बताए । उनले हत्या, हिंसा गरेको दिनलाई दिवसको रूपमा मनाउनु नाजायज भएको भन्दै आफूहरूले त्यसको घोर विरोध गरेको बताए । त्यस्तै, अर्का मानवअधिकारवादी महामुनिश्वर आचार्यले फागुन १ गते लाई जनयुद्ध दिवसको रूपमा स्वीकार्न नसकिने बताए। उनले जनयुद्ध नभइ सशस्त्र हिंसात्मक विद्रोह भएको बताए। द्वन्द्वपीडित परिवारले आफूहरूले अझै न्याय नपाएको बताएका छन्। जनयुद्धको नाममा भएको युद्धमा अझै पनि हजारौं बेपत्ता भएको भन्दै उनीहरूको खोजी सरकारले नगरेको बताएका छन् । विरोध प्रदर्शनका क्रममा द्वन्द्वपीडितलाई न्याय दे, बेपत्ता आन्दोलन जारी छ, अदालतको फैसला लागू गर, दण्डहीनताको अन्त्य गर, हुकुमी शासन बन्द गर, लुटिएको सम्पत्ति फिर्ता गर, हत्यारालाई फाँसी दे लगायतका नाराबाजीसमेत भएको थियो।

# प्रादेशिक अस्पतालमा...................................

तलब नपाएर घर खर्च चलाउनसमेत समस्या उत्पन्न भएको कर्मचारीहरुको




गुनासो रहेको छ । अस्पतालमा चार सय भन्दा बढी कर्मचारी कार्यरत रहेका छन् भने सो मध्ये करिब तीन सय कर्मचारीहरुको तलब अस्पतालकै आम्दानीबाट दिइने गरिएको छ । मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठान र नेपाल सरकारबाट तलब पाउने कर्मचारीहरुले तलब पाइसके पनि अस्पताल विकास समितिद्वार नियुक्त गरिएका चिकित्सक एवम् कर्मचारीहरु तलबबाट बञ्चित रहेका छन् । अस्पतालका रजिष्टार डा. विनोद कुमार यादवले प्रतिष्ठानले नियुक्त गरेको ८५ जना कर्मचारीको तलब वापत मधेश प्रदेश सरकारले तलबको लागि बजेट दिए पनि अस्पतालकै आम्दानीबाट तलब पाउने कर्मचारीहरुले भने तलब नपाएको जानकारी दिए । रजिष्टार डा.यादवले अस्पतालमा आम्दानी भन्दा बढी खर्च हुने गरेको बताउँदै भने, ‘अस्पतालबाट करिब तीन सय कर्मचारीहरुको तलब ६५ लाख भन्दा बढी मासिक दिनुपर्छ जब कि अस्पतालको मासिक आम्दानी लगभग एक करोड छ भने एक्सरे,ल्याबलगायतको खर्च हेर्ने हो भने करोड भन्दामाथि रहेको छ ,समयमै कहाँबाट तलब दिने ।’ आम्दानी भन्दा बढी खर्च नै हुने गरेकोले अस्पतालमा कार्यरत कर्मचारीहरु समस्यामा परेको र यसबारे प्रदेश सरकारलाई जानकारी गराउँदा पनि कुनै सुनुवाइ नभएको डा.यादवले बताए । अस्पतालको आन्तरिक स्रोतबाटै अहिले को अवस्थामा रहेका कर्मचारीहरुको लागि नियमित रुपमा तलब दिने अवस्था नै नरहेको उनले स्विकार गरे । प्रदेश सरकारले यसप्रति गम्भीर रुपमा चासो लिनुपर्ने बताउँदै उनले भने,‘प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु गम्भीर हुनै पर्छ अन्यथा तलब मात्र होइन, मसलन्द खर्चमा पनि देखिएको समस्याको समाधान गर्नै सकिन्न।’ अस्पतालमा प्रत्येक दिन तीन लाख भन्दा बढीको बिल काटिने गरिए पनि सो रकम दिनहुँ हुने खर्चमै जाने गरेको लेखाका कर्मचारीहरुले दाबी गरे पनि सर्वसाधारण नागरिकहरुलाई निःशुल्क रुपमै उपलब्ध गराउनुपर्ने सुइ,कटन लगायतको सामान पनि बिरामीहरुले आफै किन्ने गरेका छन् । यता,अस्पतालका उप-निर्देशक कृष्णदेव दासलाई तलबबारे सोध्दा उनले भने ,‘यो काम लेखाको हो, कर्मचारीहरुले तलब नपाएर समस्यामा छन् मैले पनि तलब पाएको छैन ।’

# ‘भाँसिएको कमला पुलले गिँज्याइरहेको राष्ट्रिय गौरवको आयोजना’

**टक नेपाल, जनकपुरधाम।**
साढे तीन वर्षमा सम्पन्न गर्ने गरी सम्झौता भए पनि हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला पुलको काम १२ वर्षपछि सम्पन्न हुँदै थियो। निर्माण कम्पनीले झण्डै ९९ प्रतिशत काम सम्पन्न भइसक्यो भनेपछि नागरिक सहजरुपमा यातायात सेवा सञ्चालन हुने भयो भनेर हर्षित थिए। त्यो भनेको केही समयमै पुलका दुई पिलर भाँसिएपछि नागरिकको खुशी केही समय पनि टिकेन । बाह्र वर्ष लगाएर निर्माण सम्पन्न हुँदै गरेको पुलका दुई पिलरमध्ये गत वर्ष असार १७ गतेको बाढीले सिरहातर्फको बसपिट्टा भन्ने ठाउँमा र कात्तिक ३ गते धनुषातर्फको तीन नम्बर पिलर केही धक्कामै भाँसिएका थिए। भाँसिएको एक वर्ष बितिसक्दा पनि हुलाकी सडकको मेरुदण्ड र मधेश प्रदेशको लाइफलाइनका रुपमा रहेको यो पुल निर्माण हुन सकेको छैन । वर्षौंपछि निर्माण सम्पन्न हुन लागेको पुल बाढीले भाँसिएपछि ‘हात्ति छिर्यो पुच्छर अड्क्यो’ भने जस्तै अवस्था छ। त्यही अवस्था देखेर यस क्षेत्रका नागरिक निरास छन्। सिरहा नवराजपुर का ७२ वर्षीय अशोक यादवले पुल निर्माणपछि वर्षौंदेखि सास्तीबाट मुक्ति पाउने अपेक्षामा खुसी भएकामा त्यो पूरा हुन नपाउँदै भाँसिएको र अहिलेसम्म निर्माण सुरु नभएकामा चिन्ता व्यक्त गर्नुभयो। ‘वर्षौंपछि पुल सम्पन्न हुँदैछ भन्ने सुनेर निकै खुसी लागेको थियो, तर पिलर भाँसिएर अवरुद्ध भयो’, यादवले भन्नुभयो, ‘तीन वर्षमा बन्ने काम १२ वर्ष लाग्यो, पुल भाँसिएको पनि वर्ष दिन भइसक्यो, त्यो बन्न फेरि कति समय लाग्ने हो ?’ कमला पुल निर्माण हुँदा सिरहा सदरमुकामबाट छोटो दूरीमै मधेश प्रदेशको राजधानी जनकपुरधाम पुग्न सकिन्थ्यो। अहिले पूर्व-पश्चिम राजमार्ग हुदैँ लामो यात्रा गर्न बाध्य हुनुपरेको छ। सिरहा नगर पालिका- १ का मनिष यादवले अहिले भारतीय बजार जयनगर हुदैँ जनकपुर जानुपर्ने बाध्यता रहेको सुनाउनुभयो। ‘पुल निर्माणपछि छोटो दूरीमै सिरहाबाट जनकपुरधाम जान पाइएला भनेर हामी खुसी थियौं, तर त्यो पूरा हुन पाएन’, उहाँले भन्नुभयो, ‘एक वर्षसम्म पनि पिलर बनेन, सरकारी निकायले के हेरिकसेका छन् ? हामीले फेरि कहिलेसम्म सास्ती भोग्नुपर्ने हो ?’ पुल भाँसिएपछि बासको भर्‍याङ प्रयोग गरी स्थानीयले सकसपूर्ण यात्रा गरिरहेको सिरहा-२२ हकपराका ललित यादवले सुनाउनुभयो । ‘पुल बन्न फेरि १२ वर्ष पो लाग्ने हो कि’, उहाँले शंसय व्यक्त गर्नुभयो, ‘एक वर्ष बितिसक्दा पनि प्राविधिक अध्ययन नै नभएको चर्चा छ, यिनै जिज्ञासा लिएर हामीले हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरलाई जानकारी माग गर्‍यौं ।’ योजना प्रमुख इन्जिनीयर कृष्णकुमार गोइतले लिखित रुपमा दिनुभएको जानकारीअनुसार पुलको ‘पाइल’ के कति कारणले भाँसिएको हो भन्ने कुरा अहिलेसम्म थाहा भएको छैन । ‘हाल यो पुलको पाइल के कति कारणले भाँसिएको हो भन्ने कारण पत्ता लगाउन अनुसन्धानको प्रक्रिया चलिरहेको छ’, गोइतले दिएको विवरणपत्रमा उल्लेख छ । प्राप्त जानकारीअनुसार निर्माण कम्पनीले क्षति भएका स्थानको ‘ फाउन्डेशन’ र ‘सुपर स्ट्रक्चर’ को पुनःनिर्माणका लागि नयाँ प्रस्ताव पेश गरी अहिले निर्देशनालयले स्वीकृतिको प्रक्रिया सुरु गरिसकेको छ। हुलाकी सडक निर्देशनालयका आयोजना निर्देशक ईन्जिनीयर धर्मेन्द्र झाले तीन दिनअघि निर्माण कम्पनीबाट आवश्यक निर्देशन पछि सुधारसहितको प्रस्ताव प्राप्त भएकाले त्यसको विस्तृत अध्ययनको काम भइरहेको बताउनुभयो । उहाँले सडक विभागले स्वीकृत गरेपछि यसै आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने गरी पुलको बाँकी काम सुरु हुने बताउनुभयो। निर्देशक झाले दिएको जानकारी अनुसार पुलका चार वटा स्पान नयाँ बनाउने र बाँकी पिलरलाई संरक्षण गर्ने गरी निर्माण कम्पनीले प्रतिवद्धता जाहेर गरी प्रस्ताव पेश गरेको छ। ‘ठेकेदारकै लगानीमा चार स्पान निर्माण गर्ने र बाँकी पिलरमा पुग्नसक्ने क्षतिलाई मध्यनजर गरी संरक्षणको काम हुनेछ’, झाले भन्नुभयो, ‘यस कार्यमा राज्यको थप लगानी नलाग्ने भए पनि नागरिकले दुःख पाउनुभयो, अब एक वर्षभित्रै पुल तयार हुने गरी हामीले निर्माण कम्पनीलाई निर्देशन दिन्छौं, सोहीअनुसार कुरा भइरहेको छ ।’ राष्ट्रिय गौरवको आयोजनामा सुचिकृत हुलाकी सडकको सप्तरी-सिरहा- धनुषा खण्डमा कालोपत्रको काम अन्तिम चरणमा भए पनि कमला नदीमाथिको पुल भाँसिएपछि सडक सञ्चालन हुन सकेको छैन । समयमै काम भएमा अबको एक वर्षमा पुल सञ्चालनका लागि तयार हुने बताइन्छ। साढे तीन वर्षमा बन्ने भनेको पुल १२ वर्षमा समेत निर्माण हुन नसकेकामा भाँसिएको पुल समयमै बन्नेमा यहाँका नागरिक आश्वस्त हुन सकेका छैनन्। निर्माण कम्पनीले भने आगामी आवको असार मसान्तसम्म पुल निर्माण गरिसक्ने गरी समय माग गरेको छ। सिराहा-धनुषाको सीमा जोड्ने कमला नदीमा रु २४ करोड ९१ लाख लागतमा चार सय ७० मिटर लम्बाइ र ११ मिटर चौडाइको पुल बनाउने ठेक्का पप्पु लुम्बिनी बिल्डर्स जेभी कन्स्ट्रक्सनले पाएको थियो । विसं २०६८ जेठ ३१ गते २०७१ कार्तिक २८ गतेभित्र पुल निर्माण सम्पन्न गर्ने सम्झौता भएकामा पटकपटक म्याद थप गर्दा पनि पुल निर्माण हुन सकेन। त्यसै कारण पप्पु कन्स्ट्रक्सनलाई हटाएर २०७६ असोजमा लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनलाई जिम्मेवारी दिइएको थियो । लुम्बिनी बिल्डर्सले काम गरिरहेकै बेला गत वर्ष असार र कात्तिकमा पुलको पाया (पायर) भाँसिए। त्यसले सिरहा र धनुषालाई छोटो दूरीमा जोड्ने सपना तत्कालका लागि तुहिएको छ। पुल पुनःनिर्माणका लागि हुलाकी सडक संघर्ष समिति बनाएर पटक पटक आन्दोलन र दबाबका कार्यक्रम भइरहेका छन् । संघर्ष समितिका संयोजक प्राध्यापक रामरिझन यादवले भाँसिएको पुल बनाउन दबाब स्वरुप रिले अनसन, हुलाकी सडकमा पैदल यात्रा, अन्तरक्रिया, प्रर्दशनलगायतका दबाबमूलक कार्यक्रम भए पनि सुनुवाइ नभएकोमा आपत्ति जनाउनुभयो । ‘वर्ष दिन हुँदा पनि अध्ययन प्रतिवेदन नै आएको छैन’, उहाँले भन्नुभयो, ‘काम सुरु कहिले हुन्छ, सम्पन्न हुन फेरि कति वर्ष लाग्छ ? अत्तोपत्तो छैन, यसले हामीलाई निरास बनाएको छ।’ एकातर्फ पूर्वपश्चिम महेन्द्र राजमार्गको विकल्पका रुपमा लिइएको हुलाकी राजमार्ग समयमा निर्माण हुनेगरी द्रुतगतिमा काम भइरहेको छैन । अर्कोतर्फ निर्माण सम्पन्न नहुँदै बिग्रिने, भत्किने र भाँसिने कमला पुल जस्ता संरचनाले राष्ट्रिय गौरवको आयोजनालाई नै गिँज्याइरहेको टिप्पणी भइरहेको छ।

*-रासस*

## ☎ आवश्यक टेलिफोन नम्बरहरु ☎

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ। | तुला | ज्ञान, कला र व्यक्तित्वमा निखारता आउनाले पुरुषार्थी काम गर्ने समय छ। |
| बृष | स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। | वृश्चिक | भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभाव देखापर्नेछ। |
| मिथुन | कामको मेसो नमिल्दा केही अलमल हुनेछ। | धनु | मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन्। |
| कर्कट | हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। | मकर | अरूका काममा समय खर्चनुपर्दा पछि परिनेछ। |
| सिंह | विभिन्न कामका अवसर प्राप्त हुनेछन् भने पेसा-व्यवसायमा पनि फाइदा हुनेछ। | कुम्भ | प्रतिकूल परिस्थितिले चिन्ता बढाउन सक्छ। |
| कन्या | अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला। | मीन | खर्च र चुनौतीको समय रहेको हुँदा व्यवहारमा पनि सजग रहनुपर्ला। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# बिदामाथि बिदा

सरकारले 'जनयुद्ध' दिवस भनेर सोमबार सार्वजनिक बिदा दिनुलाई उचित कदम मान्न सकिँदैन। एकातिर, मुलुकमा बिदा धेरै भएका छन् । अर्कोतिर, बेलाबेलामा सरकारले आकस्मिक निर्णय गर्दै बिदा थप्दै गरेको छ। सार्वजनिक बिदा धेरै भएका कारण यसै पनि कामका निम्ति समय कम भएको छ। देशमा बिदा घटाउन र काम बढाउन ढिला भइसकेको छ। सरकारी कार्यालयमा १ सय ५० दिन भन्दा बढी बिदा हुनु भनेको कामका निम्ति कम समय हुनु हो। यसरी समय कम हुँदा सर्वसाधारणको काममा ढिलाइ हुन्छ। समयमा काम नहुँदा सरकारी सेवा प्राप्तिमै समय लाग्छ। चालु २०७९ सालमा मात्र शनिबारबाहेक ४३ दिन बिदा रहेको हो । यसबीच थपिएका बिदा पनि उत्तिकै छन्। यसैमध्येको एक हो सोमबारको थपिएको बिदा। त्यसमा पनि ५२ दिन शनिबार स्वतः बिदा हुन्छ। भर्खरै पोखरामा विमान दुर्घटना हुँदासमेत सरकारले बिदा दिएको छ । बीचबीचमा अनेकन चाडपर्व आदिका बिदा पनि थपिन्छ। मुलुकमा रहेको बहुल संस्कृतिका निम्ति बिदा दिनु स्वाभाविक हो। तर यसरी बिदा दिँदा अनावश्यक ठानिएकालाई कटाउन निर्मम हुनुपर्ने आवश्यकता छ। सरकारमा रहँदा सबैप्रति प्रिय हुन पनि बिदा दिएर खुसी पार्ने चलन सुरु भएको छ। यसो हुँदा अहिलेसम्म पाइरहेका बिदा नघट्ने र थपिँदै जाने अवस्था हुन्छ। यसपटक पुस २७ गते पृथ्वी जयन्तीको बिदा दिइयो। जनआन्दोलन २०६२/६३ पछि यो बिदा काटेको भए पनि अहिले राजनीतिक कारणले यसलाई निरन्तरता दिइएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीलाई सरकारमा ल्याउन नपरेको भए सम्भवतः प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले यो बिदा थप्ने थिएन। सरकार प्रवेशको सर्त जस्तै भएका कारण यो बिदा थपिनु स्वाभाविक हो। यो बिदा थपिएकै कारण सरकारले सोमबार 'जनयुद्ध दिवस' को छुट्टी दिने मौका पाएको छ। अब यो दिवस भविष्यमा काटिने छैन। यस हिसाबले फेरि अर्को एक दिन सार्वजनिक बिदा थपिएको हो । बिदासम्बन्धी नीतिगत निर्णयमा जहिल्यै अस्थिरता छ। कहिले दुई दिन बिदा दिने, कहिले शनिबार मात्र गर्ने जस्ता निर्णय पटक-पटक भएका छन्। शनिबार र आइतबार दुई दिन बिदा दिएर अन्य सार्वजनिक बिदा घटाउनुपर्छ भन्ने आग्रह भए पनि त्यसरी निर्णय भएन। पूर्ववर्ती शेरबहादुर देउवा सरकारले दुई दिन बिदा दिने निर्णय गरेपछि एक महिनामै परिवर्तन गर्नुपरेको अनुभव छ। दुई दिन साप्ताहिक बिदा दिन थाले पनि अन्य सार्वजनिक बिदा यथावत भएपछि त्यसलाई विकृतिकै रूपमा चित्रण गर्न थालिएको हो। एकातिर, हामीकहाँ सार्वजनिक कार्यालयमा कामको संस्कृति छैन भने अर्कोतिर बिदा थपेर पनि त्यसले तात्त्विक असर पार्दैन। अहिले सार्वजनिक बिदा धेरै भएको चर्चा चलिरहँदा सरकारी कार्यालयमा कामको संस्कृति राम्रो हुने हो भने पनि विरोध कम हुन सक्छ। कतिपय मुलुकमा सरकारी कर्मचारी र सर्वसाधारणमा कामप्रति अति लगावले गर्दा बिदा बढाउँदै लगेको देखिन्छ। मानिसका कार्यघन्टा कम भएमा तिनको कार्यक्षमता अरू बढ्छ भन्ने विश्वास गरिन्छ। तर हामीकहाँ जति बिदा दिए पनि सार्वजनिक सेवाको स्तर सुध्रिएको छैन । त्यसैले बिदा बढ्नासाथ चिन्ता हुनु स्वाभाविक हो । त्यसैले बिदाका सम्बन्धमा सरकारले एउटा दीर्घकालीन नीति तय गर्नु आवश्यक देखिएको छ। बिदामाथि बिदा थप्ने भन्दा पनि कसरी बिदा कम गर्न सकिन्छ भन्ने चिन्ता र चिन्तन दुबै आवश्यक भइसकेको छ । 'जनयुद्ध' दिवस भनेर बिदा दिनुलाई मुलुकको एउटा राजनीतिक परिवर्तनका क्रमको योगदानका आधारमा उचित मान्न सकिएला। तर कुनै न कुनै निहुँमा बिदा थप्नुभन्दा त्यसलाई सिर्जनात्मक ढंगले सम्झना गर्नु उचित हुन्छ । सार्वजनिक बिदा दिएर मात्र कुनै योगदानको कदर हुन्छ भन्ने मानसिकता हटाउनु आवश्यक छ। राष्ट्रिय चाडपर्व वा योगदानलाई बिदाबाट मात्र मापन गर्ने प्रक्रिया उचित छैन। देश बहुल संस्कृतिको केन्द्र भएका कारण भइरहेका बिदा घटाउन मुस्किल हुन सक्छ। सरोकारवाला व्यक्तिहरूसँग छलफल गरी सुविचारित ढंगले बिदा कम गर्नेतिर लाग्नैपर्छ। यसो गर्दा मेरो चाड परेन अर्कोको मात्र पर्‍यो भन्ने भावना कम गराउन सकिन्छ । हाम्रो मुलुक राजनीतिक रन्थमोलमा गुज्रिरहेको छ। वास्तविक अर्थमा मुलुकलाई समृद्ध बनाउने गरी काम गर्नुपर्ने दबाबपूर्ण समयमा सबै तहका सरकार रहेका छन्। तैपनि स्थानीय, प्रदेश र संघीय सरकारले अलग-अलग बिदा दिने गरेका कारण तोकिए भन्दा बढी बिदा हुने गरेका छन्। हाम्रो मुलुकको आवश्यकतालाई ध्यानमा राखेर बिदासम्बन्धी निर्णय हुनु जरुरी छ। परम्परागतरूपमा दिइएका सबै बिदालाई निरन्तरता दिनुपर्ने र नयाँ बिदा पनि थप्नुपर्ने अहिलेको अवस्थामा सुधार आवश्यक भइसकेको छ। मुलुकको अर्थतन्त्रलाई अगाडि बढाउने हो भने काम र बिदाको समयमा विचार नगरी हुँदैन। जहिल्यै बिदामा मात्र रमाउने मुलुकले अपेक्षित प्रगति गर्न सक्दैन। अन्तर्राष्ट्रिय जगत्को समेत अनुभव लिएर अगाडि बढ्नुपर्छ। हामीकहाँ काम कम र बिदामै मात्र जोड दिने हो भने यही नै पछौटेपनको कारक बन्न सक्छ ।

# मिथिलाको एक महिने मकर.............................

विष्णु पुराणअनुसार दधिचि ऋषिको हाडबाट बनेको बडेमानको धनुष त्रिपुरासुर संग्रामपछि शंकर भगवानले परशुरामलाई दिएका थिए। परशुरामले उक्त धनुष राजा जनकलाई दिए । छोरी सीताका लागि योग्य बर छान्न त्यही बडेमानको धनुषमा बाण चढाउने सक्ने व्यक्तिको खोजी भयो। धेरै पहलमान असक्षम भए तर भगवान रामले उक्त धनुषमा वाण चढाउनेमात्र के लागेका थिए धनुषको तीन टुक्रा भयो। किंबदन्तीअनुसार तीन टुक्रामध्ये एक टुक्रा आकाश हुदै भारतको दक्षिण प्रान्त रामेश्वरमा पुगेर खस्यो। दोस्रो टुक्रा पातालमा गाडियो। जुन स्थान अहिले जनकपुरमा धनुषसागर पोखरीको रूपमा चिनिन्छ। अर्को टुक्रा मध्यभाग आएर खसेको ठाउँ धनुषाधाम रहेको मन्दिरका महन्थ भरत दास बताउँछन् । धनुषाधाममा खसेको भनिने धनुषको कालो रंगको शीलामाथि अहिले पिपलको रुख छ । उक्त रुख ५ सय वर्ष पुरानो रहेको जनविश्वास छ । पिपलको बोटमा नाग को बास रहेको बताइन्छ । औंसी तिथिका दिन मध्य रातमा नागमणि देखिने र पुरै मन्दिर हरियो रंगले रंगिने गरेको जनविश्वास छ। धनुषको मध्यटुक्रा झरेको स्थानमा धनुषबाबाको मन्दिर बनेपछित माघको प्रत्येक आईतबार महिनामा मकर मेला लाग्ने गरेको छ ।

**भक्तजनको आस्था**

जनकपुरदेखि करिब १९ किलोमिटर उत्तर-पूर्वमा रहेको धनुषाधाममा सो धनुषको पूजाअर्चना गर्न बर्षेनि लाखौंको संख्यामा स्वदेशी तथा विदेशी पर्यटक आउँछन्। भक्तजनको संख्या बर्सेनि बढ्दो पनि छ । मन्दिरका महन्थ भरतदासको भनाइलाई माने हो भने भक्तजनले अर्पेको पुष्पजलका कारण बर्षेनी धनुषको आकार पनि बढ्दै गएको छ । धनुषाधाममा लाग्ने मेला भर्न भारत तथा नेपालका असंख्य धर्मावलम्बी आउने गर्दछन् । धार्मिक तथा पौराणिक महत्व बोकेको धनुषाधामको आफ्नै विशेषता छ यहाँ विषेश गरी भारतीय पर्यटक आउने गर्दछन् । यद्यपि तेस्रो मुलुक अमेरिका, थाइल्याण्ड, सिंगापुर लगायत अन्य देशबाट पनि केही पर्यटक आउने गर्छन्।

**पाँच महिनामा पाँच मेला**

धनुषामा ५ महिना मेला लाग्छन्। मंसिरमा विवाह पञ्चमी महोत्सव, माघमा तिलासंक्रान्ती र ५ वटा आइतबारसम्म मकर मेला, फागुनमा मध्यमा परिक्रमा(नवमी), चैत्रमा महिनामा रामनवमीका दिन गरी कुल ५ पटक मेला लाग्ने गर्छ । विवाह पञ्चमी, मकर र परिक्रमा मेलामा लाखौंको संख्यामा तिर्थालुहरु दर्शन गर्ने गर्छन् ।मिथिला महात्मयका अनुसार ५ मकर स्नान गेरर धनुष भगवानको दर्शन गरेपछि १ सय रामेश्वरमको दर्शन बराबर हुन्छ । परम्परागत हिसावले पनि वर्ष भरी गरिएको आकलभाकल माघ महिनाभरी चढाउने गरिन्छ ।

**पोखरी डिलमा आमा छोरी, प्रेमको साक्षी धनुष**

मकर मेलामा धनुषाधामको मकर मेला आमाछोरीको मिलनस्थलको पनि हो। विवाहपछि पतिको घर गएकी छोरी लामो समयसम्म माइती आउने साइत नजुरेपछि एक अर्काको खबर लिन मकर मेलामा आउँछन् र भलाकुसारी गर्दछन्। धनुषा गोविन्दपुर-६का सतीश लाल कर्ण बताउँछन्, 'लामो समयपछि भेटेका आमाछोरीहरु पोखरीको डिलमा भेट्छन् र दुःख, सुखका कुरा गर्छन्।' मन्दिरका महन्थ भरत दासका अनुसार मेलभरमा पाँचौ हजार आमाछोरी पोखरी डिलमा गफिन्छन्। मेला भर्न युवा युवती पनि ओइरिन्छन्। युवायुवतीबीचको आकर्षण आपसी प्रेममा परिणत भएर विवाहसमेत हुने गरेको महन्थ दास बताउँछन्। 'प्रेमलाई धार्मिक विधिअनुसार विवाहमा रुपान्तरण गर्न त्यहीं धनुषलाई साक्षी राखी विवाह गर्ने परम्परा पनि यहाँ छ,' दासले भने । धनुषाधामको अर्को विशेषता भनेको शरीरमा मुसा पलाउँदा भान्टाको भार चढाउने भाकल गर्नेको संख्या पनि बाक्लो नै रहेको छ। धनुष बाबा मन्दिरमा शरीरमा हुने मुसो (अँैल्हा) रोग निवारणको लागि भाकल गर्ने प्रचलन छ। पूजाको क्रममा हुने सम्भावित होहल्ला र उच्छश्रृंखला क्रियाकलाप नियन्त्रण गर्नको लागि नेपाल र सशस्त्र प्रहरीले संयुक्त रुपमा सुरक्षामा खटिएका हुन्छन् । यस वर्ष पनि दुवै सुरक्षा निकायले संयुक्त रुपमा मन्दिर भित्र र बाहिर सुरक्षा प्रदान गरेको जिल्ला प्रहरी कार्यालय धनुषाधामका प्रवक्ता डिएसपी प्रदीप बहादुर क्षेत्रीले बताए ।

**राज्यसँगको अपेक्षा**

धनुषमन्दिरकोनाउँमा आफ्नो कुनै सम्पति छैन। अहिले यो मन्दिर जनकपुरको जानकी मन्दिरको स्वामित्वमा छ । महन्थ भरत दास भन्छन्, '२०४२ साल देखि मैले पुजा गरिरहेको छु, भगवानको नाममा विना तलब। बुवा रामदेव दासले पनि ३२ वर्ष जति पुजा गर्नु भयो।' यहाँ बस्नको लागि पटनाका ताराचनले बनाएको ३४ कोठाको धर्मशाला त छ तर, उक्त धर्मशाला पनि अव्यवस्थित रहेका कारण पर्यटकहरु धर्मशालामा बास वस्दैनन्। पर्यटक आगमन बढाउन पूर्वाधार विस्तार गर्नुपर्ने स्थानीयको भनाई छ ।

मेला पर्वमा शान्ति सुरक्षा रहे पनि अन्य समय सुरक्षित वातावरण नभएको स्थानीय बताउँछन्। धनुषाधामलाई पर्यटक स्थलको रुपमा विकास गर्नको लागि राज्यको विशेष पहलको प्रतीक्षामा छन् स्थानीय बासिन्दा ।

**धनुषाधाम मेलाको कोसेली तेजपात**

मेलाबाट ल्याइने कोसेली (सनेस) अनेक हुन सक्छन् । मेलाको कोसेली रुपमा धेरैको छनोटमा मिठाई, कपडा, खेलौना आदि भएपनि धनुषाधाम मेलाको कोसेली मेल तेजपात हुने गर्दछ। यस मेलामा तेजपातका लागि छुट्टै बजार लाग्ने गर्दछ। यहाँ तीन जना तेजपातका मुख्य व्यापारीले छुट्टाछुट्टै व्यापार गर्दै आएका छन् । उदयपुर जिल्लाबाट तेजपात ट्रकमा ल्याएर भण्डारण गरी खुद्रा व्यापारीलाई बेच्ने गरेको थोक बिक्रेता रामजतन साहले जानकारी दिए। २५ वर्षदेखि धनुषाधाममा तेजपातको थोक व्यापार गर्दै आएको उनले भने, 'मेला अवधिभर २४-२५ ट्रक तेजपात बिक्री भएको छ। एक ट्रकमा औसतमा २५-३० क्विन्टल तेजपात ल्याउने गरेको छु।' अन्य व्यापारीको समेत गरी मेलामा सात सय क्विन्टलभन्दा बढी तेजपात व्यापार भएको जानकारी दिए। वर्षमा यसै मेलामा तेजपातको व्यापार गरी घरपरिवार चलाउने गरेको अर्को थोक व्यापारी बलराम साहको कथन छ। अन्य बाहिरको बजारभन्दा यसै मेलामा सबभन्दा बढी तेजपातको व्यापार हुने गरेको जानकारी दिँदै व्यवसायी भरत साहले भने, 'मेलाको केही समयअघि देखि तेजपात ल्याएर भण्डारण गर्छौं । मेला अवधिभरि यही बास बस्ने, खाना पकाएर खाएर व्यापार गर्छौं ।' थोक व्यापारीबाट प्रतिकिलो ४५-५० रुपियाँमा खरिद गरी खुद्रामा प्रतिकिलो ६० रुपियाँमा बिक्री गरिरहेको खुद्रा व्यापारी बताउँछन् । नेपालमा पाइने प्रजातिको तेजपात बास्नायुक्त सदावहार वनस्पति भएको हुँदा भारतीय पर्यटक, श्रद्धालुभक्तजन धेरै मात्रामा किन्ने गरेको उनले बताए। धनुषाधामको मेला भर्न आउने जो कोहीले यहाँबाट तेजपात कोसेली (सनेस) लिएर घर फर्किन्छन् । यहाँको कोसेली सामान्य लागे पनि आफ्नै महत्व रहेको छ । धनुषा सबैलाका रामकुमार साहले पुर्स्तौंदेखि यो मेलाबाट कोसेलीमा तेजपात (पतरक) अनिवार्य लिएर घर फर्किने गरेको बताए ।




# संघीयता कसैले दिएको भिख होइनः मुख्यमन्त्री यादव

**टक नेपाल, वीरगञ्ज।**

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले अहिले आएको संघीयता कसैले दिएको भिख नरहेको बताएका छन् । सोमबार गृह तथा सञ्चार मन्त्रालयले आयोजना गरेको जनयुद्ध दिवस समारोहमा मुख्यमन्त्री यादवले काठमाडौँमा बस्ने केही मन्त्रीले संघीयता विरोधी अभिव्यक्ति दिएपछि उनले आपत्ति जनाएका हुन्। उनले हजारौँको बलिदानीपश्चात् संघीयता आएको भन्दै माओवादी पनि संघीयताको पक्षधर पार्टी रहेकाले



संघीयता संस्थागत गर्न आग्र गरे। उनले भने, 'आज प्रधानमन्त्री त्यसै पार्टीको छ। प्रहरी समायोजन, नागरिकता समस्या समाधान छिट्टै समाधान गरोस्। अहिले यो समायोजन भएन भने फेरि समस्या हुन्छ।'

# गोदाममा आगलागी, करोडौंको क्षेति

**टक नेपाल, सिरहा।**

सिरहाको गोलबजार स्थित सिरहा सुपरमार्केट प्रा.लि. द्वारा सञ्चालित एवीमलको गोदाममा आगलागीहुँदा करोडौं मूल्यको सामाग्री जलेर नष्ट भएको छ । गोलबजार नपा -४ मा रहेको मलको गोदाममा आइतबार अपरान्ह विद्युत सर्किट सर्टभएर आगलागी हुँदा गोदाममा रहेको खाद्यान्न, कपडा, इलेक्ट्रोनिक्स, फर्निचर, किचेनका पाँच करोड ५० लाखभन्दा बढीको सामग्री जलेर नष्ट भएको छ। आगलागीका कारण मलमा बिक्रीका लागि ल्याइएको सवैभन्दा बढी मूल्यको कपडा, खाद्यान्न सामग्री, इलेक्ट्रोनिक्स, फर्निचर, किचेनका सामग्री, एसी मेसीनसहित पाँच करोड ५० लाखभन्दा बढीको सामग्री काम नलाग्ने भएको मलका प्रमुख कार्यकारी अधिकृत पीन्टु



राउतले जानकारी दिए। उनले जनकपुर, मिर्चैयाका र गोलबजारको मलमा बिक्रीका लागि ल्याइएको सामग्री काम नलाग्ने गरी जल्नुका साथै कार्यालय प्रायोजनका लागि रहेका सर्भर कम्प्यूटर, सीसी टि भी क्यामरालगायतका सामानपनि जलेको राउतले बताए। आगलागीका कारण गोदाम रहेको भवनमा पनि क्षति पुगेको राउतले बताउँदै गोदाममा रहेका सामग्रीको प्राथमिक विवरणहरु आए पनि क्षतिको विवरण अझै संकलन गर्न बाँकी रहेको जनाए । आगो नियन्त्रण पश्चात क्षतिको विवरण तत्काल भन्न नसकिने इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख इन्सपेक्टर राजु केसीले बताए ।

# वीरगञ्जमा हतियार देखाएर अपहरण गरी लुटपाट गर्ने गिरोहका ८ जना पक्राउ

**टक नेपाल, वीरगञ्ज।**

वीरगञ्जमा दिउँसै हतियार देखाएर अपहरण गरी लुटपाट गर्ने गिरोहका ८ जनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ। गएको बिहीबार वीरगञ्ज महानगर पालिकाको वडा नम्बर ६ स्थित रेल्वे सडकखण्डबाट पक्राउ परेको उक्त गिरोहलाई प्रहरीले सोमबार सार्वजनिक गरेको हो। गिरोहले वीरगञ्जका विशालकुमार पटवालाई हतियार देखाएर अपहरण गरी लुटपाट गरेको थियो। पटवाको अपहरण भएको खबर पाएपछि प्रहरी निरिक्षक प्रज्वल थपलियाको कमाण्डमा खटिएको प्रहरी टोलीले अपहरणमा परेका पटवालाई वीरगञ्ज महानगरपालिका-१५ भिष्वाबाट उद्धार गरेको पर्साका प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए। अपहरणकारीहरुले पटवाको साथमा रहेको ६ लाख ५० हजार रुपैयाँसमेत लुटपाट गरेका थिए । अपहरण तथा डकैतीमा संलग्न व्यक्तिहरूलाई खोजतलास गर्ने क्रममा गिरोहका आठ जनालाई पक्राउ गरिएको प्रहरी उपरीक्षक शाहले बताए। पक्राउ पर्नेहरुमा वीरगञ्ज महानगर पालिका वडा नम्बर २४ रामगढवा बस्ने विजय महतो, वडा नम्बर २ छपकैयाका सदाम अन्सारी, वडा नम्बर ११ श्रीपुरका सन्तोष लामा, मोजालिम मियाँ र रोशन थापा रहेका छन् । यस्तै, पक्राउ पर्ने अन्यमा बाराको कलैया उपमहानगरपालिका वडा नम्बर २३ बस्ने मुकेश पटेल, परवानीपुर गाउँपालिका-३ बस्ने नबाब हुसेन र भारत बिहारको मोतिहारीका इमाम अन्सारी रहेका छन्। विजय महतो गिरोहको मुखिया रहेको प्रहरी उपरीक्षक शाहले बताए । पक्राउ परेकाहरुको भारतमा पनि विभिन्न घटनामा संलग्नता रहेको भन्ने अनुसन्धानको क्रममा खुलेको उनले बताए। उनीहरुको साथबाट प्रहरीले अपहरणमा प्रयोग गरिएको एक थान पेस्तोल र पाँच राउण्ड गोली, नगद ४ लाख ९५ हजार रुपैयाँ पनि बरामद गरेको छ । साथै अपहरणमा प्रयोग गरिएको ना १९ प २८०८, ना ६२ प १०० र बीआर १ सीआर २४२५ नम्बरको तीन वटा मोटरसाइकलसमेत प्रहरीले बरामद गरेको पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो। पक्राउ परेका आठै जनालाई अपहरण तथा शरीर बन्धक, डाँका, हतियार तथा खरखजाना एवं संगठित अपराधसम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए ।

# मिथिलाको एक महिने मकर मेला सम्पन्न



**टक नेपाल, धनुषा।**

धार्मिक सभ्यताको धरोहर मिथिलाञ्चल क्षेत्र धनुषाको उत्तरपूर्वी क्षेत्र स्थित धनुषाधाममा लाग्ने धार्मिक मेला 'मकरमेला' आज सम्पन्न सम्पन्न भएको छ । माघ महिनाको प्रत्येक आईतबार लाग्ने मकर मेलाले धुनषावासी मात्र होइन स्वदेशी तथा भारतीय हिन्दु अनुयायीलाई पनि भक्तिभावमा लीन गराउने गर्दछ। माघको प्रत्येक आइतबार भक्तजन यहाँ रहेको धनुष मन्दिरमा पूजाअर्चनामा लीन हुन्छन्। मर्यादा पुरुषोत्तम भगवान मानिने राम र सीताको विवाह सन्दर्भ जोडिएको यो पर्व विवाहिता छोरी र आमाबीच भेट जुराउने अवसरदेखि भाकल पूरा गराउने आस्थाको धरोहरका रुपमा मिथिलाबासीबीच प्रचलित छ। त्यसबाहेक प्रेमी जोडीको विवाहको साक्षी पनि बन्छ धनुष मन्दिर।

**राम सीता स्वयंबर र भाँचिएको पीनाक धनुष**

त्रेता युगमा राजा जनकले छोरी सीताको विवाहको लागि आयोजना गरेको सीता स्वंयम्बरमा मर्यादा पुरुषोत्तम भगवानका रुपमा स्वीकारिने श्रीरामले भाँचेको पिनाक धनुषको एक टुक्रा आकाश, अर्को पाताल र धनुषको मध्य टुक्रा धनुषाधाममा झरेको किम्बदन्ती रहेको छ ।

-बाँकी पृष्ठ ३ मा

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौ ।"

LIVER FUNCTION TEST
- Bilubine Total / Direct
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- STOOL R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETES PACKAGE
- URINE R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose /F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा. लि.

बर्दिवास-१४, औरहीरोड सम्पर्क: ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स: ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com